मिति :- २०७७/०१/०३
समय :- दिनको ३:३० बजे
स्थान :- जिल्ला प्रशासन कार्यालय, रसुवा

कोभिड-१९ संक्रमणको रोकथाम, नियन्त्रण तथा उपचार लगायतका कार्यको सहजिकरणका लागि नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७६/१२/१६ गतेको निर्णय र कार्यादेश अनुसार गठित जिल्लास्तरीय कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (Crisis Management Center-CMC) रसुवाका संयोजक एवं प्रमुख जिल्ला अधिकारी श्री अर्जुन भण्डारीज्यूको अध्यक्षतामा बैठक बसी निम्न बमोजिमका निर्णयहरु गरीयो।

**उपस्थिति:**

| | | |
|---|---|---|
| श्री अर्जुन भण्डारी | - प्रमुख जिल्ला अधिकारी | संयोजक |
| श्री मिना अर्याल | - जिल्ला समन्वय अधिकारी | सदस्य |
| श्री सविन्द्र नगरकोटी | - प्रमुख सेनानी | सदस्य |
| श्री ईन्द्र प्रसाद सुवेदी | -प्रहरी नायव उपरीक्षक | सदस्य |
| श्री किरण पौडेल | - सशस्त्र प्रहरी नायव उपरीक्षक | सदस्य |
| श्री देवेन्द्रराज उप्रेती | -प्रमुख अनुसन्धान अधिकृत | सदस्य |
| श्री किरण श्रेष्ठ | - जनस्वास्थ्य अधिकृत | सदस्य |
| डा. अनिल कुमार खरेल | - निमित्त मेडिकल सुपरिटेन्डेन्ट | सदस्य |
| श्री सपना कुमारी कुमारी भट्टराई | - सहायक प्रमुख जिल्ला अधिकारी | सदस्य-सचिव |

**निर्णयहरु:**

१. जिल्ला भित्र रहेका मन्दिर, गुम्बा, चर्चहरु लगायत सामुहिक भेला जम्मा हुने सार्वजनिक स्थलमा मानिसहरु जम्मा हुने गरेको, आश्रय लिई बसेको पाईएमा तत्काल नियन्त्रणमा लिई Travel/Contact History र आवश्यकताको आधारमा क्वारेन्टिनमा राख्ने व्यवस्था गर्ने।

२. बन्दाबन्दी (Lockdown) लाई प्रभावकारी बनाउन यस जिल्ला भित्रका सडकमार्ग अनुमति बिना सवारी साधन चल्ने, मानिसहरु पैदल यात्रा गर्ने, सवारीसाधनले मानिस ओसारपसार गर्ने जस्ता कार्यलाई पूर्ण रुपमा नियन्त्रण गर्ने।

३. जिल्ला स्थित हाल क्वारेन्टिनमा राखिएका र भविष्यमा क्वारेन्टिनमा राखिने व्यक्तिहरुलाई १४ दिनको क्वारेन्टिन अवधि भुक्तान गरेपछि निजहरुलाई स्वास्थ तथा जनसंख्या मन्त्रालयले तोके बमोजिम Rapid Diagnostic Test (RDT) माध्यमबाट सबैलाई परीक्षण गर्ने। उक्त परीक्षण Positive देखिएका लाई अस्पतालको Isolation Area मा राख्ने र Negative देखिएकालाई आ-आफ्नो बासस्थानमा एक हप्तासम्म अनिवार्य स्व-क्वारेन्टिन (Self Quarantine) बस्न स्व-घोषणा (Self-declaration) गराई पठाउने।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रसुवा

४. यस जिल्लामा हाल २०७६ चैत्र ०१ गतेदेखि नेपाल आई रसुवा प्रवेश गरेका व्यक्तिलाई मात्र Rapid Diagnostic Test (RDT) परीक्षण गर्ने निर्णय भएकोमा कम्तीमा २ महिना अघिदेखिका व्यक्तिहरुको परीक्षण गर्नुपर्ने आवश्यकता देखिएकाले २०७६ फागुन ०१ गतेदेखि भारत वा तेस्रो मुलुकबाट रसुवा प्रवेश गर्ने सबैलाई Rapid Diagnostic Test (RDT) परीक्षण गर्ने। यसको लागि जिल्लाका ५ बटै गाँउपालिकाहरुको केन्द्रमा परीक्षण हुने व्यवस्था पूर्वाधार स्वास्थ्य कार्यालय,रसुवाले मिलाउने।

५. कोभिड-१९ रोकथाम नियन्त्रणका लागि बन्दाबन्दी (Lockdown) कारण तरकारीको नियमित आपूर्तिमा सहजता ल्याउनका लागि स्थानीयस्तरमा उत्पादित तरकारीलाई नजिकको संकलन केन्द्रमा संकलन गरी उक्त विक्रेता मार्फत बजारमा पुर्याउने व्यवस्थालाई प्राथामिकता दिने। यस कार्यका लागि स्थानीय तहलाई सहजीकरण, समन्वयका लागि अनुरोध गर्ने।

६. जिल्ला भित्रका कोभिड-१९ स्क्रिनिङ, जाँच, परीक्षणसँग सम्बन्धित अस्पताल, स्वास्थ्य चौकी/संस्था, हेल्थ डेस्क, क्वारेन्टिन र आईसोलेशनका दैनिक कार्य प्रगति सूचनाहरु अद्यावधिक गरी प्रत्येक दिन जिल्लास्तरमा स्वास्थ्य कार्यालयको र कोभिड -१९ सूचना केन्द्रको समन्वयमा एकीकृत सूचना संकलन, सम्प्रेषण र अभिलेख राख्ने व्यवस्था प्रभावकारी कार्यान्वयन गर्ने।

७. जिल्ला भित्रका संरचना क्वारेन्टिन, आईसोलेसन स्थल तथा स्वास्थ्य संस्थाहरुमा तत्काल आवश्यक रहेका निम्न बमोजिमका सामग्रीको उपलब्धताका लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र सामाजिक विकास मन्त्रालय, बागमती प्रदेशलाई अनुरोध गर्ने।

| क्र.सं. | स्वास्थ्य सामग्री | परिमाण | | जम्मा |
|---|---|---|---|---|
| | | रसुवा अस्पतालका लागि | जिवजिवे ग्रामीण अस्पतालका लागि | |
| १ | RDT-kit | ५०० थान | ५०० थान | १००० थान |
| २ | Oxygen Concentrator + Face Mask(Baby and Adult type) | २० थान | १० थान | ३० थान |
| ३ | VTM | १०० थान | १०० थान | २०० थान |
| ४ | Pulse Oxymeter | ३० थान | १५ थान | ४५ थान |
| ५ | ECG Machine | १० थान | ५ थान | १५ थान |
| ६ | Defibriloator(Automatic Type) | ५ थान | ५ थान | १० थान |
| ७ | Glucometer with Strip | ३० थान | ३० थान | ६० थान |
| ८ | Non Contact Thermometer | २० थान | २० थान | ४० थान |